# स्थानीय तह, प्रदेश र प्रतिनिधि सभामा दलित महिला प्रतिनिधित्व




## २०७९

दलित महिला संघ (फेडो)
कुपण्डोल, ललितपुर

**स्थानीय तह, प्रदेश र सङ्घमा दलित महिला प्रतिनिधित्व २०७९**

प्रकाशकः दलित महिला संघ (फेडो)

सर्वाधिकार : प्रकाशकमा ।

प्रकाशन सहयोगी : प्लान इन्टरनेशनल नेपाल तथा द यूरोपियन युनियन

लेखन सम्पादन : लक्ष्मण दर्नाल

प्रकाशन मितिः २०७९

मुद्रणः ....................

**सम्पर्क :**
दलित महिला संघ (फेडो)
कुपण्डोल, ललितपुर
फोन नं.: +९७७-०१-५५४३९८६
फ्याक्सः +९७७-०१-५५२०९८२
इमेलः dms.fedo@gmail.com
वेबः http://www.fedonepal.org
फेसबुकः fedonepal

# प्रकाशकीय

राणा प्रधानमन्त्री जंगबहादुर राणाले वि.सं. १९१० मा मूलुकी ऐन जारी गरी जातीय विभेदलाई कानून बनाएरै संस्थागत गर्ने गरे । जसका कारण आजसम्म नेपालको कूल जनसंख्याको १३.८ प्रतिशत दलित समुदायमाथि छुवाछूत र विभेद कायम छ । त्यसमा पनि दलितको कुल जनसंख्याको ७.२ प्रतिशत दलित महिलालाई सबैभन्दा बढी विभेद भोग्न बाध्य पारिएको छ । विभेदका सबै रुपहरू दलित महिलामाथि थोपरिएको छ । विभेदको सबैभन्दा पीधमा दलित महिलालाई थिचिएको छ ।

२०६८ सालको जनगणना अनुसार कुल दलित समुदायको जनसंख्यामध्ये १४ लाख ५४ हजार ९७ पुरुष र १६ लाख ११ हजार ९ सय ८१ दलित महिलाहरूको जनसंख्या छ । कुल महिलाको जनसंख्यामा दलित महिला १५ प्रतिशत छन् । पहाड र मधेससहित्का दलितको जनसंख्या क्षेत्री, जनजातिपछिको तेस्रो ठूलो जनसंख्या हो । दलित जातिहरूमध्ये सबैभन्दा बढी विश्वकर्माहरूको जनसंख्या (४.७५%) छ भने सबैभन्दा कम मधेसी दलित समुदायभित्रको कलार जातिको१ हजार ४ सय ४६ (०.००५%) छ ।

नेपालको साक्षरता दर ६५.९ प्रतिशत रहेको छ । दलित समुदाय ४९ प्रतिशत साक्षर छन् । त्यसमध्ये मधेशी दलितको साक्षरता दर सबैभन्दा कम छ । मधेशी दलितको साक्षरता ३४.५ रहेको छ भने पहाडी दलितको साक्षरता ६१.९ प्रतिशत रहेको छ । दलित महिलाको साक्षरता दर ४५.५ प्रतिशत रहेको छ । त्यसमा पनि मुसहर र डोम महिलाको साक्षरता दर क्रमश: १७.४ र १७.९ प्रतिशत छ ।

दलित समुदायबाट सांसद बनाउने सुरुवात पञ्चायतकालबाट भएको हो। २०१५ सालमा राजा महेन्द्रले सहर्षनाथ कपालीलाई राष्ट्रिय सभामा मनोनित गरी सांसद बनाएका थिए। पञ्चायत कालभरी राष्ट्रिय पञ्चायतमा ५ जना र राष्ट्रिय सभामा ९ जना दलित पुरुषहरू सांसद भए। तर एकजना दलित महिला सांसद बनाइएन। पञ्चायत र राजाले मात्र होईन प्रजातन्त्र र लोकतन्त्रवादी राजनैतिक दलहरूले पनि २०६३ सालसम्म महिलालाई सांसद बनाएनन्। १० वर्षे जनयुद्ध र २०६२ /६३ सालको जनआन्दोलनको सफलतापश्चात् दलित महिलाहरू सांसद बने। २०६३ को पुनर्स्थापित प्रतिनिधिसभा अर्थात् अन्तरिम व्यवस्थापिका संसदमा ६ जना महिला एकैचोटी सांसद भए। १४ जना दलित सांसदमा ६ जना दलित महिला थिए।
वि.सं. २०६४ को संविधानसभामा विभिन्न राजनीतिक दलहरूबाट ५१ जना (७ जना प्रत्यक्षबाट) गरी ८.१३ प्रतिशत दलितको प्रतिनिधित्व थियो। जसमा २५ जना दलित महिला थिए। जुन दलितको प्रतिनिधित्वमा दलित महिलाको प्रतिनिधित्व समानुपातिक थियो। संविधानसभा २०७० मा दलितको प्रतिनिधित्व घट्यो। दलित महिलाको पनि घट्यो। कुल ६०१ मा दलितहरू जम्मा ४० जना (६.६५ प्रतिशत) मात्र निर्वाचित भए। २२ जना दलित महिलाहरू समानुपातिकबाट निर्वाचित भएका थिए।

प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचन २०७९ मा दलित समुदायको प्रतिनिधित्व विगतको भन्दा घटेको छ। २०७४ सालको निर्वाचनमा प्रतिनिधि सभामा १९ जना दलित समुदायको प्रतिनिधित्व थियो। तर अहिले प्रतिनिधिसभाको २७५ सदस्यमा दलित समुदायको प्रतिनिधित्व १६ जनाको छ। जुन ५.८१ प्रतिशत हो। १६ जनामध्ये एकजना नेकपा (एमाले) का छविलाल विश्वकर्मा रुपन्देही क्षेत्र नं. १ बाट प्रत्यक्ष निर्वाचत हुन्। बाँकी १५ जना विभिन्न दलहरूबाट समानुपातिक सांसद हुन्।

प्रतिनिधि सभाको १६ जना दलित प्रतिनिधिमध्ये नेकपा (एमाले) बाट छ (एकजना प्रत्यक्ष) जना, नेपाली कांग्रेसबाट पाँच जना, नेकपा (माओवादी केन्द्र) बाट दुईजना, र ाष्ट्रिय स्वतन्त्र पार्टीबाट दुईजना र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट एक जनाको प्रतिनिधित्व भएको छ। कुल १६ मध्ये आठजना दलित महिला र आठ जना दलित पुरुषको प्रतिनिधित्व भएको छ।

प्रतिनिधि सभामा समानुपातिकबाट दलित पुरुषभन्दा दलित महिलाको प्रतिनिधित्व बढी हुँदै आएको छ । २०७४ मा १९ जना दलित व्यक्ति सांसद हुँदा दलित महिलाको प्रतिनिधित्व १३ जनाको थियो । बाँकी छ जनामात्रै दलित पुरुष थिए । २०७९ मा पनि दलित पुरुषको तुलनामा समानुपातिकबाट दलित महिलाको संख्या बढी छ । समानुपातिकको १५ जनामा दलित महिलाको संख्या ८ छ । कुल १६ जनामा एकजना प्रत्यक्ष निर्वाचित सांसद हुन् ।

सात प्रदेशको कुल ५५० सदस्यमा दलित समुदायको प्रतिनिधित्व ३१ जनाको छ । जुन ५.६३ प्रतिशत हो । ३१ जनामा दलित महिला २७ र पुरुष चार जना निर्वाचित भएका छन् ।

स्थानीय तह निर्वाचन २०७९ मा नगरपालिका प्रमुखमा तीन जना दलित पुरुष निर्वाचित भएका छन् । नगरपालिका उपप्रमुख नौ जनामध्ये पाँच जना दलित महिला निर्वाचित भएका छन् । गाउँपालिका अध्यक्ष छ जना दलित पुरुष छन् भने दलित महिला एकजना पनि छैनन् । सातजना उपाध्यक्षमा सबै दलित महिला निर्वाचित भएका छन् । १५० जना दलित समुदायका व्यक्ति वडाध्यक्ष निर्वाचित हुँदा दुईजना दलित महिला निर्वाचित भएका छन् । ५५ जना दलित महिला स्वतन्त्र उम्मेदवार भएर चुनाव जितेका छन् । दलित महिला वडा सदस्यमा ६,६२० जना दलित महिला निर्वाचित भए ।

यो प्रतिवेदन दलित महिला संघले दलित महिलाको राजनीतिमा प्रतिनिधित्व र पहुँच अभिवृद्धिका लागि प्रकाशन गरेको हो । नेपालको महिला र दलित आन्दोलनमा तथ्यगत बहसलाई सहयोग पुऱ्याउन र दलित महिलाहरुलाई राजनीतिमा अभिप्रेरित गर्न प्रकाशन गरिएको हो । आशा छ यस प्रतिवेदनले समावेशीकरणको बसहलाई थप बलियो बनाउने छ । प्रतिवेदन प्रकाशनमा प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्नुहुने सबैप्रति आभारी छौं । यो प्रतिवेदन प्लान इन्टरनेशनल नेपालको साझेदारी तथा द यूरोपियन युनियनको आर्थिक सहयोगमा प्रकाशन गरिएको हो । दुवै संस्थालाई धन्यवाद छ ।

रेणु सिजापती<br>महासचिव

कला स्वर्णकार<br>अध्यक्ष

# विषयसूची


खण्ड- १ प्रदेश सभा र प्रतिनिधि सभामा दलित महिला प्रतिनिधित्व १
खण्ड- २ प्रदेश सभामा दलित महिला प्रतिनिधित्व ६
खण्ड- ३ स्थानीय तह निर्वाचन २०७९ मा दलित महिला प्रतिनिधित्व १२
निष्कर्ष १९

# खण्ड- १
# प्रदेशसभा र प्रतिनिधिसभामा दलित प्रतिनिधित्व

## पृष्ठभूमी

वि.सं. २००७ सालको परिवर्तनले दलित समुदाय पनि विद्यालय पढ्न पाउने व्यवस्था भयो । २०२० सालको मुलुकी ऐनले छुवाछूत गर्न हुँदैन भन्ने खालको सन्देश दिन त खोज्यो तर 'परम्परादेखि चलिआएको संस्कारलाई विभेद मानिने छैन' भनी छुवाछूत गर्नलाई छुट दियो । २०४६ सालको राजनीतिक परिवर्तनपछिको नेपालको संविधान २०४७ ले सार्वजनिक स्थानमा छुवाछूत गर्न नपाइने व्यवस्था गऱ्यो । निजी स्थानमा छुवाछूत गर्न छुट नै दियो । २०७२ सालमा संविधानसभाबाट जारी भएको संविधानले निजी वा सार्वजनिक कुनै पनि स्थानमा छुवाछूत गर्न नपाइने व्यवस्था गरेको छ । नीतिगत रूपमा छुवाछूत पूर्णरूपले अन्त्य गर्न नेपालको दलित आन्दोलनलाई ७५ वर्ष लाग्यो । व्यवहारमा अन्त्य भने अझै हुन सकेको छैन ।

राज्य शक्तामा दलित समुदायको सहभागिता पञ्चायत कालबाटै सुरू भएको थियो । पञ्चायतले दलित समुदायलाई आफ्नो पक्षमा पार्न केही नेताहरूलाई सांसद र मन्त्री बनाउने काम गऱ्यो । २०१६ सालमा शहर्षनाथ कपालीलाई राष्ट्रिय सभामा राजाले मनोनित गरेका थिए । २०१९ मा धनमानसिंह परियार राष्ट्रिय पञ्चायत सदस्यमा राजाबाट मनोनित भएका थिए । राष्ट्रिय पञ्चायतमा ६ जना दलित नेताहरू पञ्चायत सदस्य बने । २०३१ सालमा पञ्चायतले हिरालाल विश्वकर्मालाई शिक्षा सहायकमन्त्री बनाएको थियो । त्यसपछि क्रमशः दलित समुदायबाट पनि मन्त्री र सांसद भइरहेको देखिन्छ । २०४६ को राजनीतिक परिवर्तन पछि मन्त्री र सांसद हुने दलितको संख्यामा

वृद्धि भएको छ। दश वर्षे जनयुद्ध र २०६२/६३ को जनआन्दोलनपछि संख्यामा उल्लेखीय वृद्धि छ। समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत सांसदमा दलितको १३ प्रतिशत सुनिश्चित छ। यी लगायतका व्यवस्थाहरू दलित आन्दोलनका उपलब्धी हुन्।

२०७२ सालमा संविधान सभाबाट नेपालको संविधान जारी भयो। संघीयताको कार्यान्वयनसँगै शासन सत्तामा नेपालका दलित समुदायको सहभागिता वृद्धि भएको छ। तर समानुपातिक सहभागिता भने हुन सकिरहेको छैन। संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार र संसदमा दलित समुदायको प्रतिनिधित्व भएपनि जनसंख्याको आधारमा समानुपातिक भने हुन सकेको छैन।

## प्रतिनिधि सभामा दलित

प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचन २०७९ मा दलित समुदायको प्रतिनिधित्व विगतको भन्दा घटेको छ। २०७४ सालको निर्वाचनमा प्रतिनिधि सभामा १९ जना दलित समुदायको प्रतिनिधित्व थियो। तर अहिले प्रतिनिधिसभाको २७५ सदस्यमा दलित समुदायको प्रतिनिधित्व १६ जनाको छ। जुन ५.८१ प्रतिशत हो। १६ जनामध्ये एकजना नेकपा (एमाले) का छविलाल विश्वकर्मा रुपन्देही क्षेत्र नं. १ बाट प्रत्यक्ष निर्वाचत हुन्। बाँकी १५ जना विभिन्न दलहरूबाट समानुपातिक सांसद हुन्।



प्रतिनिधि सभाको १६ जना दलित प्रतिनिधिमध्ये नेकपा (एमाले) बाट छ (एकजना प्रत्यक्ष) जना, नेपाली कांग्रेसबाट पाँच जना, नेकपा (माओवादी केन्द्र) बाट दुईजना, राष्ट्रिय स्वतन्त्र पार्टीबाट दुईजना र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट एक जनाको प्रतिनिधित्व भएको छ । कुल १६ मध्ये आठजना दलित महिला र आठ जना दलित पुरुषको प्रतिनिधित्व भएको छ ।

**प्रतिनिधिसभाका दलित सांसदहरू–२०७९**

| क्र.सं. | नाम/थर | लिङ्ग | राजनीतिक दल | निर्वाचन प्रणाली | जिल्ला |
|---|---|---|---|---|---|
| १ | छविलाल विश्वकर्मा | पुरुष | नेकपा (एमाले) | प्रत्यक्ष | रुपन्देही, १ |
| २ | जीवन परियार | पुरुष | नेपाली कांग्रेस | समानुपातिक | कास्की |
| ३ | आशा विक | महिला | नेपाली कांग्रेस | समानुपातिक | बाँके |
| ४ | शान्ति विक | महिला | नेपाली कांग्रेस | समानुपातिक | चितवन |
| ५ | रुपा विक | महिला | नेपाली कांग्रेस | समानुपातिक | कपिलवस्तु |
| ६ | सीता मिजार | महिला | नेपाली कांग्रेस | समानुपातिक | नवाकोट |
| ७ | ईश्वरबहादुर रिजाल | पुरुष | नेकपा (एमाले) | समानुपातिक | दोलखा |
| ८ | प्रभुहजरा दुसाध | पुरुष | नेकपा (एमाले) | समानुपातिक | पर्सा |
| ९ | चन्द्रबहादुर विश्वकर्मा | पुरुष | नेकपा (एमाले) | समानुपातिक | रुकुमपश्चिम |
| १० | रुक्मिनी राना बराइली | महिला | नेकपा (एमाले) | समानुपातिक | काभ्रे |
| ११ | हर्कमाया विश्वकर्मा | महिला | नेकपा (एमाले) | समानुपातिक | झापा |
| १२ | रणेन्द्र बराली | पुरुष | माओवादी केन्द्र | समानुपातिक | चितवन |
| १३ | शुसिला श्रीपाइली | महिला | माओवादी केन्द्र | समानुपातिक | अर्घाखाँची |
| १४ | सन्तोष परियार | पुरुष | राष्ट्रिय स्वतन्त्र पार्टी | समानुपातिक | भक्तपुर |
| १५ | शिव नेपाली | पुरुष | राष्ट्रिय स्वतन्त्र पार्टी | समानुपातिक | कास्की |
| १६ | अनिशा नेपाली | महिला | राप्रपा | समानुपातिक | सल्यान |

# प्रतिनिधि सभामा दलित महिला

प्रतिनिधि सभामा समानुपातिकबाट दलित पुरुषभन्दा दलित महिलाको प्रतिनिधित्व बढी हुँदै आएको छ। २०७४ मा १९ जना दलित व्यक्ति सांसद हुँदा दलित महिलाको प्रतिनिधित्व १३ जनाको थियो। बाँकी छ जनामात्रै दलित पुरुष थिए। २०७९ मा पनि दलित पुरुषको तुलनामा समानुपातिकबाट दलित महिलाको संख्या बढी छ। समानुपातिकको १५ जनामा दलित महिलाको संख्या ८ छ। कुल १६ जनामा एकजना प्रत्यक्ष निर्वाचित सांसद हुन्।






# कुन दलबाट कति प्रतिनिधित्व ?

प्रतिनिधिसभा निर्वाचन २०७९ मा प्रमुख दलहरुमध्ये नेकपा एमालेबाट दलित प्रतिनिधित्व बढी भएको छ। एमालेबाट पाँच जना एकजना प्रत्यक्ष सहित् छ जना दलित समुदायको प्रतिनिधित्व भएको छ। नेपाली कांग्रेसबाट पाँच जनाको प्रतिनिधित्व छ। नेकपा (माओवादी केन्द्र) र राष्ट्रिय स्वतन्त्र पार्टीबाट दुई दुईजनाको प्रतिनिधित्व भएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीबाट एक जनाको प्रतिनिधित्व भएको छ। कुल १६ मध्ये आठजना दलित महिला र आठ जना दलित पुरुषको प्रतिनिधित्व छ।



# खण्ड- २
# प्रदेश सभामा दलित प्रतिनिधित्व

सात प्रदेशको कुल ५५० सदस्यमा दलित समुदायको प्रतिनिधित्व ३१ जनाको छ । जुन ५.६३ प्रतिशत हो । ३१ जनामध्ये दुईजना प्रदेशसभाको प्रत्यक्ष निर्वाचित हुनुहुन्छ । हुम्ला (क) बाट नेकपा (माओवादी केन्द्र) का रनसिंह परियार र स्याङ्जा क्षेत्र नं. १ (क) बाट नेकपा (एमाले) की सीता सुन्दास प्रत्यक्ष निर्वाचित हुनु भएको हो ।

प्रदेश नं. १ को ५६ सदस्यीय प्रदेशसभामा जम्मा चारजना दलितको प्रतिनिधित्व भएको छ । जुन ७.१४ प्रतिशत हो । जसमा नेकपा (एमाले), नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र) र राष्ट्रिय प्रजातन्त्र पार्टीबाट एक एकजनाको प्रतिनिधित्व भएको छ । ३१ जनामा दलित महिला २७ र पुरुष चार जना निर्वाचित हुनु भएको छ ।

## प्रदेश नं. १

| क्र.सं. | नाम/थर | लिङ्ग | राजनीतिक दल | जिल्ला | निर्वाचित |
|---|---|---|---|---|---|
| १ | कमला दर्नाल | महिला | नेकपा (एमाले) | तेह्रथुम | समानुपातिक |
| २ | सुनिता कुमारी गुरुङ | महिला | नेपाली काँग्रेस | सुनसरी | समानुपातिक |
| ३ | सपना दर्जी | महिला | माओवादी केन्द्र | सुनसरी | समानुपातिक |
| ४ | गोपालबहादुर विश्वकर्मा | पुरुष | राप्रपा | झापा | समानुपातिक |

मधेश प्रदेशमा दलित समुदायको प्रतिनिधित्व १०.९३ प्रतिशत भएको छ । कुल ६४ सदस्यीय मधेश प्रदेश सभामा ७ जना दलितको प्रतिनिधित्व भएको छ । जसमा नेपाली कांग्रेसबाट दुईजना, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र), जनमत पार्टी, जनता

समाजवादी पार्टी र नेकपा (एकीकृत समाजवादी) बाट एक एकजनाको प्रतिनिधित्व भएको छ ।

## मधेश प्रदेश

| क.सं | नाम/थर | लिङ्ग | राजनीतिक दल | जिल्ला | निर्वाचित |
|---|---|---|---|---|---|
| १ | सकुन्ती देवी | महिला | नेपाली कांग्रेस | सर्लाही | समानुपातिक |
| २ | निलमकुमारी सजक | महिला | नेपाली कांग्रेस | सप्तरी | समानुपातिक |
| ३ | पलटीवेदी महरा | महिला | नेकपा (एमाले) | धनुषा | समानुपातिक |
| ४ | रंजुकुमारी मंडल खंग | महिला | जनमत पार्टी | सप्तरी | समानुपातिक |
| ५ | ललिता दास | महिला | जनता समाजवदी पार्टी | सिराहा | समानुपातिक |
| ६ | सारदादास पहाडी | महिला | माओवादी केन्द्र | धनुषा | समानुपातिक |
| ७ | किशोरी देवी | महिला | एकीकृत समाजवादी | रौटहट | समानुपातिक |

बागमती प्रदेशमा दलित समुदायको सबैभन्दा कम प्रतिनिधित्व भएको छ । कुल ६६ सदस्यीय बागमती प्रदेश सभामा जम्मा दुई जना (३.०३ प्रतिशत) प्रतिनिधित्व भएको छ । नेकपा (एमाले) र नेपाली कांग्रेसबाट एक एकजना दलितको प्रतिनिधित्व भएको छ ।

## बागमती प्रदेश

| क.सं | नाम/थर | लिङ्ग | राजनीतिक दल | जिल्ला | निर्वाचित |
|---|---|---|---|---|---|
| १ | बालकुमारी विश्वकर्मा | महिला | नेकपा (एमाले) | काडमाडौं | समानुपातिक |
| २ | सुना परियार | महिला | नेपाली कांग्रेस | काडमाडौं | समानुपातिक |

गण्डकी प्रदेशमा सबैभन्दा बढी १६.६६ प्रतिशत दलितको प्रतिनिधत्व भएको छ । कुल ३६ सदस्यीय गण्डकी प्रदेश सभामा ६ जना दलितको प्रतिनिधित्व भएको छ । जसमा नेकपा (एमाले) बाट तीनजना, नेपाली कांग्रेसबाट दुईजना र नेकपा (माओवादी केन्द्र) बाट एक जनाको प्रतिनिधित्व भएको छ । एकजना प्रत्यक्ष निर्वाचित हुनुहुन्छ ।

## गण्डकी प्रदेश

| क्र.सं | नाम/थर | लिङ्ग | राजनीतिक दल | जिल्ला | निर्वाचित |
|---|---|---|---|---|---|
| १ | सीता सुन्दास | महिला | नेकपा (एमाले) | स्याङ्जा –१ (क) | प्रत्यक्ष |
| २ | गोविन्दबहादुर नेपाली | पुरुष | नेकपा (एमाले) | बाग्लुङ | समानुपातिक |
| ३ | नन्दकला दमाई नेपाली | महिला | नेकपा (एमाले) | कास्की | समानुपातिक |
| ४ | दिलमाया पौ.वी. | महिला | नेपाली कांग्रेस | बाग्लुङ | समानुपातिक |
| ५ | टिकाकुमारी बस्याल | महिला | नेपाली कांग्रेस | लम्जुङ | समानुपातिक |
| ६ | दमयन्ती रुचाल | महिला | माओवादी केन्द्र | नवलपरासी सुस्ता पूर्व | समानुपातिक |

लुम्बिनी प्रदेश सभामा ९.६१ प्रतिशत दलित समुदायको प्रतिनिधित्व भएको छ। कुल ५२ सदस्यीय लुम्बिनी प्रदेश सभामा पाँच जना दलितको प्रतिनिधित्व भएको छ। नेकपा (एमाले) बाट दुईजना, नेपाली कांग्रेसबाट दुईजना र नेकपा (माओवादी केन्द्र) बाट एकजना दलितको प्रतिनिधित्व भएको छ।

## लुम्बिनी प्रदेश

| क्र.सं | नाम/थर | लिङ्ग | राजनीतिक दल | जिल्ला | निर्वाचित |
|---|---|---|---|---|---|
| १ | इन्द्रकुमारी गहतराज | महिला | नेकपा (एमाले) | पाल्पा | समानुपातिक |
| २ | रेखाकुमारी शर्मा | महिला | नेकपा (एमाले) | दाङ | समानुपातिक |
| ३ | लोकीकुमारी विक | महिला | नेपाली कांग्रेस | दाङ | समानुपातिक |
| ४ | सुशिला बादी | महिला | नेपाली कांग्रेस | बाँके | समानुपातिक |
| ५ | यमबहादुर नेपाली सार्की | पुरुष | माओवादी केन्द्र | गुल्मी | समानुपातिक |

कर्णाली प्रदेश सभामा पनि गण्डकीमा जस्तै १६.६६ प्रतिशत दलितको प्रतिनिधित्व भएको छ। कुल २४ सदस्यीय कर्णाली प्रदेश सभामा चारजना दलितको प्रतिनिधित्व भएको छ। जसमा एकजना प्रत्यक्ष निर्वाचित भएका हुन। नेकपा (माओवादी केन्द्र) बाट दुईजना, नेकपा (एमाले) र नेपाली कांग्रेसबाट एक एकजना दलितको प्रतिनिधित्व छ।

# कर्णाली प्रदेश

| क्र.सं. | नाम/थर | लिङ्ग | राजनीतिक दल | जिल्ला | निर्वाचित |
|---|---|---|---|---|---|
| १ | रणसिंह परियार | पुरुष | माओवादी केन्द्र | हुम्ला (क) | प्रत्यक्ष |
| २ | गमता वि.क | महिला | नेकपा (एमाले) | दैलेख | समानुपातिक |
| ३ | लक्ष्मी सुनार | महिला | नेपाली कांग्रेस | सल्यान | समानुपातिक |
| ४ | उर्मिला विश्वकर्मा | महिला | माओवादी केन्द्र | डोल्पा | समानुपातिक |

सुदूरपश्चिम प्रदेशमा ९.३७ प्रतिशत दलितको प्रतिनिधित्व भएको छ। कुल ३२ सदस्यीय प्रदेश सभामा तीनजना दलितको प्रतिनिधित्व भएको छ। नेकपा (एमाले), नेपाली कांग्रेस र नेकपा (माओवादी केन्द्र) बाट एक एकजनाको प्रतिनिधित्व भएको छ।

# सुदूरपश्चिम प्रदेश

| क्र.सं | नाम/थर | लिङ्ग | राजनीतिक दल | जिल्ला | निर्वाचित |
|---|---|---|---|---|---|
| १ | हिरा सार्की | महिला | नेकपा (एमाले) | कञ्चनपुर | समानुपातिक |
| २ | ललिता सुनार | महिला | नेपाली कांग्रेस | कैलाली | समानुपातिक |
| ३ | लक्ष्मी वि.क | महिला | माओवादी केन्द्र | दार्चुला | समानुपातिक |

मङ्सिर ४ गते सम्पन्न निर्वाचनमा प्रत्यक्षतर्फ प्रमुख राजनीतिक दलहरुले दलितलाई निक्कै कम उम्मेदवारी दिए। प्रमुख पार्टी नेपाली कांग्रेसले त प्रतिनिधि सभा र प्रदेश सभा दुवैमा दलितलाई प्रत्यक्ष निर्वाचनमा टिकट नै दिएन। नेकपा माओवादी केन्द्रले प्रतिनिधि सभामा दुई जना बाँके १ बाट महेश्वरजंग गहतराज र काठमाडौं १० बाट अञ्जना विशंखेलाई उम्मेदवारी दिएको थियो। तर दुवैजना पराजित हुनुभयो। एमालेले प्रतिनिधि सभामा छविलाल विश्वकर्मालाई मात्रै टिकट दिएको थियो। नेकपा एकीकृत (समाजवादी), लोकतान्त्रिक समाजवादी पार्टी र जनता समाजवादी पार्टी नेपालले पनि दलितलाई उम्मेदवारी दिएनन्।

प्रदेश सभामा नेकपा (एमाले) र माओवादी केन्द्रबाट जम्मा ८ जना प्रत्यक्ष उम्मेदवार थिए। ८ जनामध्ये दुईजना मात्रै निर्वाचित हुनुभयो। नेकपा (एमाले) बाट सुदूरपश्चिम प्रदेश सभामा प्रत्यक्ष उम्मेदवार अफिलाल ओखेडा बझाङ (क), रामदयाल मण्डल महोत्तरी क्षेत्र नं. ३ (ख) र भक्तबहादुर विश्वकर्मा बर्दिया क्षेत्र नं. १ (ख) बाट पराजित हुनुभयो। नेकपा (माओवादी केन्द्र) का उम्मेदवार विनोद पहाडी रुपन्देही क्षेत्र नं. ५ (क), महेन्द्र पासवान सिरहा क्षेत्र नं. ४ (क) र बाजुरा (क) बाट कर्णबहादुर विक पराजित हुनुभयो।

प्रतिनिधि सभाको प्रत्यक्षतर्फ दलितको प्रतिनिधित्व ०.६० प्रतिशत भएको छ । १६५ सीटमा जम्मा एकजनाको प्रतिनिधित्व भएको छ । प्रदेश सभाको प्रत्यक्षतर्फ पनि दलितको ०.६० प्रतिशत प्रतिनिधित्व भएको छ । ३३० सीटमा जम्मा दुई जनाको प्रतिनिधित्व भएको छ । प्रदेश सभा र प्रतिनिधिसभामा अवलम्वन गरिएको मिश्रित निर्वाचन प्रणाली अनुसार ६० प्रतिशत प्रत्यक्ष (पहिलो हुनेले जित्ने) र ४० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीको व्यवस्था छ । समानुपातिकको ४० प्रतिशतलाई १०० मानेर दलित, महिला, आदिवासी जनजाति, खसआर्य, मधेशी, मुस्लिम, अल्पसंख्यक सिमान्तकृतलगायतको जनसंख्याको आधारमा प्रतिनिधित्व गराइएको छ । जसअनुसार समानुपातिकतर्फको ११० सीटमा दलितको १३ प्रतिशत प्रतिनिधित्व भएको छ । प्रदेश सभाको समानुपातिकतर्फको २२० सीटमा पनि सोही अनुसार १३ प्रतिशत दलितको प्रतिनिधित्व भएको छ ।

## प्रदेश सभामा दलित महिला

सात प्रदेशको कुल ५५० सदस्यमा दलित समुदायको प्रतिनिधित्व ३१ जनाको छ । जुन ५.६३ प्रतिशत हो । ३१ जनामध्ये २७ जना दलित महिला छन् । चार जना दलित पुरुष छन् । त्यस्तै, ३१ जनामध्ये दुईजना प्रदेशसभाको प्रत्यक्ष निर्वाचित हुनुहुन्छ । बाँकी २ ९ जनाले समानुपातिकबाट प्रतिनिधित्व गरेका छन् ।

प्रदेश नं. १ मा दलित समुदायबाट चारजना प्रदेश सांसदमध्ये तीनजना दलित महिला छन् । मधेश प्रदेशमा विभिन्न दलका सात जना दलित सांसदमध्ये सातै जना दलित महिला छन् । वागमती प्रदेशमा दुईजनाको प्रतिनिधित्व भएकोमा दुवै जना दलित महिलाको प्रतिनिधित्व छ । गण्डकी प्रदेशमा छ जना दलितमध्ये पाँच जना दलित महिला छन् । लुम्बिनी प्रदेशमा चार जना महिला र एक जन दलित पुरुषको प्रतिनिधित्व छ । कर्णाली प्रदेशमा तीन जना दलित महिला र एकजना दलित पुरुषको प्रतिनिधित्व छ । सुदूरपश्चिम प्रदेशमा तीन जना दलित महिलाको प्रतिनिधित्व भएको छ ।

## स्थानीय तह, प्रदेश र प्रतिनिधि सभामा दलित महिला प्रतिनिधित्व



# खण्ड- ३
# स्थानीय तह निर्वाचन २०७९ मा दलित प्रतिनिधित्व

वि.सं. २०७४ को स्थानीय तह सदस्य निर्वाचनमा २९३ नगर प्रमुखमध्ये ६ जना मात्रै दलित समुदायबाट विजयी भएका थिए । जुन २ प्रतिशत हो । नगर उपप्रमुख ११ जना (३.८ प्रतिशत) थिए । ४६० अध्यक्षमा १ जना दलित थिए । उपाध्यक्षमा भने १६ जनाले चुनाव जितेका थिए । छ हजार ७४३ वडामा १९७ जना दलितले वडाध्यक्ष जितेका थिए । वडा सदस्यमा १३,४८४ जनाले जित्दा दलित समुदायका ७९७ जनाले मात्र जितेका थिए । २०७४ सालको चुनावलाई सामाजिक समावेशी दृष्टिकोणले हेर्दा दलितको प्रतिनिधित्व स्थानीय तहमा २४ प्रतिशत, प्रदेश सभामा ६ प्रतिशत, प्रतिनिधि सभामा ७ प्रतिशत तथा राष्ट्रिय सभामा १२ प्रतिशत छ ।

## स्थानीय तह निर्वाचन २०७९ मा दलित प्रतिनिधित्व

२०७९ बैशाख ३० गते ७५३ वटा स्थानीय तहको निर्वाचन सम्पन्न भयो । हरेक वडामा दुईजना महिला सदस्यमध्ये एकजना दलित महिला अनिवार्य हुनुपर्ने प्रावधानका कारण छ हजार ६२० जना दलित महिला वडा सदस्यमा निर्वाचित भएका छन् । हरेक स्थानीय तहको प्रमुख वा उपप्रमुखमध्ये एक जना महिला हुनुपर्ने प्रावधानका कारणले पनि केही दलित महिलाहरू उपप्रमुखमा विजयी भएका छन् । तर कोटाबाहेकका पदहरूमा भने दलित, दलित महिला र महिलाको प्रतिनिधित्व सन्तोजनक देखिदैन । दलित समुदायको प्रतिनिधित्व समानुपातिक त के न्यायसंगत पनि हुन सकेको छैन ।

## स्थानीय तह निर्वाचन २०७९ मा निर्वाचित पालिका दलित प्रमुखहरू:

| क्र.सं. | नाम | पद | स्थानीय तह | लिङ्ग | राजनीतिक दल |
|---|---|---|---|---|---|
| १ | वेचन दास | प्रमुख | विदेह न.पा, धनुषा | पुरुष | नेकपा (एमाले) |
| २ | देवकुमार नेपाली | प्रमुख | ढोरपाटन न.पा, बाग्लुङ | पुरुष | नेकपा (एमाले) |
| ३ | पुष्प वादी | प्रमुख | चौरजहारी न.पा, रुकुमपश्चिम | पुरुष | नेकपा (माओवादी केन्द्र) |
| ४ | डम्बरबहादुर विक | अध्यक्ष | खजुरा गा.पा, बाँके | पुरुष | नेकपा (माओवादी केन्द्र) |
| ५ | झगबहादुर विश्वकर्मा | अध्यक्ष | सरुमारानी गा.पा, प्युठान | पुरुष | नेकपा (एमाले) |
| ६ | धनबहादुर विक | अध्यक्ष | ताराखोला गा.पा, बाग्लुङ | पुरुष | नेकपा (माओवादी केन्द्र) |
| ७ | शेरसिंह पार्की | अध्यक्ष | आलिताल गा.पा, डडेल्धुरा | पुरुष | नेकपा (माओवादी केन्द्र) |
| ८ | ढुङ्गराज वि.क | अध्यक्ष | ताप्ती गा.पा, उदयपुर | पुरुष | नेकपा (माओवादी केन्द्र) |
| ९ | खड्क वि.क | अध्यक्ष | चौकुने गा.पा, सुर्खेत | पुरुष | नेकपा (माओवादी केन्द्र) |

*(श्रोत: निर्वाचन आयोग, २०७९)*

## स्थानीय तह निर्वाचन २०७९ मा निर्वाचित उपप्रमुखहरू:

| क्र.सं. | नाम | पद | स्थानीय तह | लिङ्ग | राजनीतिक दल |
|---|---|---|---|---|---|
| १ | मैना वि.क | उपप्रमुख | गुर्भाकोट न.पा, सुर्खेत | महिला | नेपाली कांग्रेस |
| २ | दीपक विश्वकर्मा | उपप्रमुख | नीलकण्ठ न.पा, धादिङ | पुरुष | नेकपा (माओवादी केन्द्र) |
| ३ | खुमबहादुर विक | उपप्रमुख | शुक्लागण्डकी न.पा, तनहुँ | पुरुष | नेकपा (माओवादी केन्द्र) |
| ४ | सुस्मिता सापकोटा सुनार | उपप्रमुख | सारदा न.पा, सल्यान | महिला | नेपाली कांग्रेस |
| ५ | उमा गोतामे | उपप्रमुख | भानु न.पा, तनहुँ | महिला | नेपाली कांग्रेस |
| ६ | भरत नेपाली | उपप्रमुख | थाहा न.पा, मकवानपुर | पुरुष | नेपाली कांग्रेस |
| ७ | कल्पना हरिजन | उपप्रमुख | लुम्बिनी सांस्कृति न.पा, रुपन्देही | महिला | नेकपा (एमाले) |
| ८ | मीरादेवी दास केवरत | उपप्रमुख | सुनवर्षी न.पा, मोरङ | महिला | नेकपा (एमाले) |
| ९ | राजु तिरुवा | उपप्रमुख | भजनी न.पा, कैलाली | पुरुष | नागरिक उन्मुक्ति पार्टी |

*(श्रोत: निर्वाचन आयोग, २०७९)*

### स्थानीय तह निर्वाचन २०७९ मा निर्वाचित उपाध्यक्षहरू:

| क्र.सं. | नाम | पद | स्थानीय तह | लिङ्ग | राजनीतिक दल |
|---|---|---|---|---|---|
| १ | धनसुवा विक | उपाध्यक्ष | महाशीला गा.पा, पर्वत | महिला | नेकपा (एमाले) |
| २ | वासमती चमार | उपाध्यक्ष | सरावल गा.पा, नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) | महिला | नेकपा (एमाले) |
| ३ | दिपोदेवी पासवान | उपाध्यक्ष | महोत्तरी गा.पा, महोत्तरी | महिला | जनता समाजवादी पार्टी |
| ४ | कल्पना नेपाली | उपाध्यक्ष | आरुघाट गा.पा, गोरखा | महिला | नेपाली कांग्रेस |
| ५ | शिवकान्ति चमार | उपाध्यक्ष | रोहिणी गा.पा, रुपन्देही | महिला | राष्ट्रिय प्रजातन्त्र पार्टी |
| ६ | राजकला सार्की | उपाध्यक्ष | हिमाली गा.पा, बाजुरा | महिला | नेकपा (एमाले) |
| ७ | मानकुमारी पाखिन नेपाली | उपाध्यक्ष | मकवापुरगढी गा.पा, मकवानपुर | महिला | नेकपा (माओवादी केन्द्र) |

*(श्रोत: निर्वाचन आयोग, २०७९)*

स्थानीय तह निर्वाचन २०७९ मा जम्मा तीनजना मात्रै मेयरमा निर्वाचित भएका छन्। तीनै जना दलित पुरुष हुन्। उपप्रमुख/उपाध्यक्षको संख्या भने विगतको तुलनामा बृद्धि भएको छ। २०७४ मा ११ थियो भने अहिले १६ पुगेको छ। १६ जनामा १२ जना उपप्रमुख दलित महिला छन। गाउँपालिका अध्यक्षको संख्या पनि यस पटक बढेको छ। विगतमा एकजना थिए भने अहिले सात जना भएका छन्। उपप्रमुख/उपाध्यक्ष १६ जना निर्वाचित भएका छन भने १५० जना वडाध्यक्ष निर्वाचित भएका छन्। १५० मध्ये जम्मा दुई जना दलित महिला वडाध्यक्ष निर्वाचित भएका छन। जिल्ला समन्वय समितिको प्रमुखमा ४ जना दलित पुरुष चुनिएका छन् भने उपप्रमुखमा ५ जना दलित महिला छन्।

### स्थानीय तह निर्वाचन २०७४ र २०७९ मा दलित प्रतिनिधित्व

| क्र.सं. | पद | कुल संख्या | २०७४ | २०७९ |
|---|---|---|---|---|
| १ | प्रमुख | २९३ | ६ | ३ |
| २ | उपप्रमुख | २९३ | ११ | ९ |
| ३ | अध्यक्ष | ४६० | १ | ६ |
| ४ | उपाध्यक्ष | ४६० | १६ | ७ |
| ५ | वडाध्यक्ष | ६७४२ | १९७ | १५० |
| ६ | वडा सदस्य | १३४८४ | ७९७ | ८७८ |
| ७ | दलित महिला वडा सदस्य | ६७४३ | ६५६७ | ६६२० |
| ८ | जिसस प्रमुख | ७७ | ८ | ४ |
| ९ | जिसस उपप्रमुख | ७७ | ९ | ५ |

प्रदेश नं. १ को १३७ स्थानीय तहमध्ये एउटा तहमा दलित समुदायका व्यक्ति निर्वाचित भएका छन् । उपप्रमुखमा एकजना पनि दलित विजयी भएका छैनन् । ७ जना वडाध्यक्ष निर्वाचित भएका छन् । १४ जिल्लामध्ये एउटा जिल्ला समन्वय समितिमा प्रमुख र एउटामा उपप्रमुख दलित समुदायबाट चुनिएका छन् ।

**स्थानीय तह निर्वाचन २०७९ मा प्रमुख उपप्रमुख र अध्यक्ष उपाध्यक्ष दलित महिलाः**

| क्र.सं. | पद | दलित पुरुष | दलित महिला |
|---|---|---|---|
| १. | पालिका प्रमुख | ९ | ० |
| २ | पालिका उपप्रमुख | १६ | १२ |
| ३ | वडाध्यक्ष | १५० | २ |
| ४ | जिल्ला समन्वय समिति प्रमुख | ४ | ० |
| ५ | जिल्ला समन्वय समिति उपप्रमुख | ० | ५ |

*(श्रोतः निर्वाचन आयोग, २०७९)*

मधेस प्रदेशका १३६ स्थानीय तहमध्ये एउटा पालिकामा मात्र प्रमुख निर्वाचित भए । उपप्रमुखमा पनि एकजना मात्र छन् । वडाध्यक्षमा २१ जना विजय भए । एउटा जिल्ला समन्वय समितिमा उपप्रमुख दलित छन् । वाग्मती प्रदेशमा ११९ स्थानीय तह छन् । स्थानीय तह निर्वाचन २०७९ मा एउटा तहको प्रमुखमा पनि दलित निर्वाचित भएनन् । उपप्रमुखमा २ जना र उपाध्यक्षमा एकजना निर्वाचित भए । वडाध्यक्षमा ९ जना विजय भएका छन् । १३ जिल्लामध्ये एउटा जिल्ला समन्वय समितिमा मात्र दलित उपप्रमुखमा चुनिएका छन् ।

**स्थानीय तह निर्वाचन २०७९ मा दलित महिला वडा सदस्य दलगत प्रतिनिधित्वः**

| क्र.सं. | राजनीतिक दल | दलित महिला सदस्य |
|---|---|---|
| १. | नेपाली कांग्रेस | २५५३ |
| २ | नेकपा (एमाले) | २२९३ |
| ३ | नेकपा (माओवादी केन्द्र) | ९७६ |
| ४ | जनता समाजवादी पार्टी, नेपाल | २९६ |
| ५ | नेकपा (एकिकृत समाजवादी) | १८० |
| ६ | लोकतान्त्रिक समाजवादी पार्टी | ११३ |
| ७ | राष्ट्रिय प्रजातन्त्र पार्टी | ५४ |
| ८ | राष्ट्रिय जनमोर्चा | ३३ |
| ९ | नागरिक उन्मुक्ति पार्टी | १८ |
| १० | जनमत पार्टी | १८ |
| ११ | नेपाल मजदुर किसान पार्टी | ११ |

| क्र.सं. | राजनीतिक दल | दलित महिला सदस्य |
|---|---|---|
| १२ | स्वतन्त्र | ५५ |
| १३ | अन्य साना दलहरू | २० |
| | जम्मा दलित महिला वडा सदस्य | ६,६२० |
| (दलित महिलाको उम्मेदवार नपरेका खाली वडासंख्याः १२३) | | |

*(श्रोतः निर्वाचन आयोग, २०७९)*

गण्डकी प्रदेशका ८५ स्थानीय तहमध्ये २ वटा तहको प्रमुख/अध्यक्षमा दलित निर्वाचित भएका छन् । उपप्रमुख/उपाध्यक्षमा ४ जना विजयी भएका छन् । जसमा ३ जना दलित महिला छन् । वडाध्यक्षमा १४ जना विजयी भए । ११ वटा जिल्लामा २ वटाको प्रमुखमा र एउटाको उपप्रमुखमा दलित विजयी भएका छन् । लुम्बिनी प्रदेशका १०९ स्थानीय तहमध्ये २ वटा तहको प्रमुखमा दलित निर्वाचित भएका छन् । उपप्रमुखमा ३ जना निर्वाचित छन् । वडाध्यक्षमा २७ जना विजय भएका छन् । लुम्बिनी प्रदेशका १२ जिल्लामध्ये २ वटामा दलित समुदायका व्यक्ति उपप्रमुखमा चुनिएका छन् ।

कर्णाली प्रदेशका ७१ स्थानीय तहमा २ वटा तहको प्रमुखमा दलित निर्वाचित भएका छन् । उपप्रमुखमा २ जना विजयी भएका छन् । वडाध्यक्षमा ४५ जनाले विजय हासिल गरेका छन् । कर्णाली प्रदेशका १० जिल्लामध्ये प्रमुखमा १ र उपप्रमुखमा २ जना दलित चुनिएका छन् । सुदूरपश्चिम प्रदेशमा ८८ स्थानीय तह छन् । एउटा स्थानीय तहको प्रमुखमा दलित निर्वाचित भएका छन् । २ जना उपप्रमुखमा विजयी भएका छन् । वडाध्यक्षमा २७ जनाले विजयी भएका छन् । ९ वटा जिल्लामध्ये २ वटामा दलित उपप्रमुखमा चुनिएका छन् ।

## दलित महिला सदस्यमा उम्मेदवार नपरेका वडाहरू

स्थानीय तह निर्वाचन २०७९ मा कुल ६,७४३ वडामध्ये ६,६२० वटा वडामा दलित महिला सदस्यको उम्मेदवार परेको छ । १२३ वटा वडामा दलित महिला वडा सदस्यमा उम्मेदवारी परेको छैन । सबैभन्दा बढी वाग्मती, कर्णाली, गण्डकी, प्रदेश नम्बर १ र सुदूरपश्चिम प्रदेशमा दलित महिला वडा सदस्यको उम्मेदवारी परेको छैन ।

**प्रदेश नम्बर १**

संखुवासभाको मकालु गाउँपालिकाको वडा नं. १, मादी नगरपालिकाको वडा नं. २ र ८ मा दलित महिला वडा सदस्यमा उम्मेदवार परेको छैन । धनकुटा नगरपालिका वडा

नं. ८ मा पनि परेको छैन । सोलुखुम्बुको महाकुलुङ गाउँपालिकाको वडा नं. ५, सोताङ गाउँपालिकाको वडा नं. २ मा दलित महिला वडा सदस्यमा उम्मेदवारी परेको छैन ।

**मधेश प्रदेश**

बाराको फेटा गाउँपालिकाको वडा नं. ५ र ६ मा दलित महिला वडा सदस्यमा उम्मेदवारी परेन । धनुषाको जनकनन्दिनी गाउँपालिकाको वडा नं. ५ मा परेको छैन । सप्तरीको तिलाठी काईलाडी गाउँपालिकाको वडा नं. ६ मा पनि परेको छैन ।

**वाग्मती प्रदेश**

काठमाडौँ महानगरपालिकाको वडा नं. २४ र २५ मा दलित महिलाको उम्मेदवारी परेन । दक्षिणकाली नगरपालिकाको ३ र ७ मा परेको छैन । काठमाडौँकै शंकरापुर नगरपालिका ८, कीर्तिपुर नगरपालिकाको वडा नम्बर १ मा परेको छैन ।

ललितपुर महानगरपालिकाको वडा नं. १, ६, ७, ८, १२, १६, १७, २१, २६ र २७ मा दलित महिला वडा सदस्यमा उम्मेदवारी परेको छैन । भक्तपुर नगरपालिकाको १० वटा वडामध्ये सातवटा वडाहरू १, २, ३, ४, ७, ८ र ९ मा उम्मेदवारी परेको छैन । मध्यपुर थिमीको वडा नं. ४, सूर्यविनायक नगरपालिकाको वडा नं. ३ मा पनि परेको छैन ।

दोलखाको भिमेश्वर नगरपालिकाको वडा नं. ९ मा परेको छैन् । रसुवाको गोसाईकुण्ड गाउँपालिकाको वडा नं. १, ३, ४ र नौकुण्ड गाउँपालिकाको वडा नम्बर २ मा उम्मेदवारी परेको छैन । धादिङको निलकण्ठ नगरपालिका वडा नं. १ र बेनीघाट रोराङ्ग गाउँपालिकाको वडा नं. १ मा पनि परेको छैन । नुवाकोटको तारेकश्वर गाउँपालिका ६ र दुप्चेश्वर गाउँपालिका १ मा पनि परेन । काभ्रेको तेमाल गाउँपालिका ३, सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका १२ मा पनि दलित महिला वडा सदस्यको उम्मेदवारी परेको छैन ।

**गण्डकी प्रदेश**

गोरखाको चुमनुव्री गाउँपालिको वडा नं. ४, ५, ६ र ७ मा दलित महिला वडा सदस्यमा उम्मेदवारी परेको छैन । नासो गाउँपालिका मनाङको वडा नं. २, ३, ६ र मा परेको छैन । मनाङ डिस्याङ गाउँपालिकाको वडा नं. ७ र ८ मा परेको छैन । मनाङकै नार्पाभूमि गाउँपालिकाका पाँचै वटा वडामा दलित महिला सदस्यको उम्मेदवारी परेको छैन ।

मुस्ताङका लोमान्थाङ गाउँपालिकाको पाँचै वटा वडामा दलित महिला वडा सदस्यमा उम्मेदवारी परेको छैन । मुस्ताङकै लो-घेकर दामोदरकुण्ड गाउँपालिकाको वडा नं. १, ३, ४ र ५ मा उम्मेदवारी परेको छैन । लुम्बिनी प्रदेशको भने सबै स्थानीय तहका सबै वडामा दलित महिला वडा सदस्यको उम्मेदवारी परेको छ ।

### कर्णाली प्रदेश

कालिकोटको नरहरिनाथ गाउँपालिका वडा नं. ५ मा दलित महिला वडा सदस्यमा उम्मेदवार परेको छैन । डोल्पाको काईके गाउँपालिको २ र ३ मा परेको छैन । डोल्पाकै डोल्पोबुद्ध गाउँपालिका १, २, ४ र ५ मा दलित महिला वडा सदस्यमा उम्मेदवारी परेको छैन । त्रिपुरासुन्दरी नगरपालिकाको वडा नं. ७ र ११ मा उम्मेदवारी परेको छैन । डोल्पाकै शे-फोक्सुण्डो गाउँपालिकाको वडा नं. १, ३, ६, ७, ८ र ९ मा दलित महिला वडा सदस्यमा उम्मेदवारी परेको छैन ।

मुगुको मुगुम कार्मारोंग गाउँपालिका वडा नं. ३ मा पनि उम्मेदवार परेको छैन । पातारासी गाउँपालिका जुम्लाको वडा नं. १, ३ र ५ मा उम्मेदवार परेको छैन । हिमा गाउँपालिका जुम्लाको वडा नं. २ मा पनि छैन । हुम्लाको चंखेली गाउँपालिकाको वडा नं. १ र ५ छैन । हुम्लाकै नाम्खा गाउँपालिकाको ६ वटै वडामा दलित महिला वडा सदस्यको उम्मेदवारी परेको छैन ।

### सुदूरपश्चिम प्रदेश

बाजुराको हिमाली गाउँपालिका वडा नं. २ मा दलित महिला वडा सदस्यको उम्मेदवारी परेको छैन । अछामको मल्लेख गाउँपालिका वडा नं. २, बझाङको साइपाल गाउँपालिका ५, छबिसपाथीभेरा गाउँपालिका ७, जयपृथ्वी नगरपालिकाको २, सूर्मा गाउँपालिकाको १ र ४ नं. वडामा उम्मेदवारी परेको छैन । कैलालीको भजनी नगरपालिकाको वडा नं. ६ मा परेको छैन । दार्चुलाको अपिहिमाल गाउँपालिकाको वडा नं. १ र २ मा पनि दलित महिला वडा सदस्यमा उम्मेदवारी परेन । यीलगायतका १२३ वटा वडामा दलित महिला वडा सदस्यमा उम्मेदवारी परेका छैनन् ।

# निष्कर्ष

मिश्रित निर्वाचन प्रणालीले दलित समुदायको समानुपातिक प्रतिनिधित्व गराउन नसक्ने निश्चित थियो । तर समानुपातिकको आधा प्रतिनिधित्व पनि मिश्रित निर्वाचन प्रणालीले नगराँउने अभ्यासबाटै पुष्टि भयो । त्यसकारण पनि मिश्रित निर्वाचन प्रणाली अन्तर्गतको प्रत्यक्ष निर्वाचनमा पनि समानुपातिक सहभागिताको माग गर्दै आयो । तर राजनीतिक दलहरुले दलित समुदायको माग र आवाजलाई वेवास्ता गर्दै आएका छन् । नत संविधानको मर्म र भावना अनुसार चल्न सकेका छन् । दलितको १३ प्रतिशतका नाममा आधा प्रतिनिधित्व पनि नहुने मिश्रित निर्वाचन प्रणाली नेपालको समावेशीकरणका लागि व्यवहारिक देखिदैन । यसले सामाजिक समावेशीकरणलाई केही हदसम्म सम्बोधन गरे पनि नेपालको आवश्यकतालाई परिपूर्ति गर्न सक्दैन् । त्यसकारण सबैको समानुपातिक समावेशीकरण, विभेदरहित् समतामूलक समाजको निर्माण र विकासका लागि पूर्णसमानुपातिक निर्वाचन प्रणालीको विकल्प छैन् । जुन प्रणालीले जसको जति जनसंख्या छ त्यतिनै प्रतिनिधित्वको सुनिश्चत गर्दछ ।

स्थानीय तहको प्रमुखमा दलित समुदायको खासै प्रतिनिधित्व हुन सकेन । वडा अध्यक्षमासमेत् दलित समुदायको प्रतिनिधित्व निकै कम भएको छ । ६७४३ मध्ये १५० जनामात्र वडाध्यक्षमा चुनिनु दयनीय हो । स्थानीय तह निर्वाचन २०७९ को परिणाम हेर्दा दलित समुदाय प्रतिनिधित्व निकै कम छ । प्रमुख पदहरूमा दलित समुदायको १ प्रतिशतको हाराहारीमा प्रतिनिधित्व भएको छ । त्यसमा दलित महिलाको अवस्था शून्य प्रतिशत बराबर छ ।

नेपालको संविधानको धारा ४० मा दलितको हकबारे व्यवस्था गरिएको छ। ४० (१) मा राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको व्यवसथा छ। सार्वजनिक सेवा लगायतका रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानूनवमोजिम् विशेष व्यवस्था गरिनेछ भनिएको छ। त्यसैगरी (२) मा दलित समुदायलाई यस धाराद्वारा प्रदत्त सुविधा दलित महिला, पुरुष र सबै समुदायमा दलितले समानुपातिक रूपमा प्राप्त गर्ने गरी न्यायोचित वितरण गर्नुपर्ने उल्लेख छ। अन्य कानूनले पनि यो संवैधानिक व्यवस्था कार्यान्वयन गराउने गरी प्रावधान नगरेका होईनन्। तर दलहरूले भने कोटामा मात्र सीमित गरी खुलातर्फबाट दलित प्रतिनिधित्व गराउन कन्ज्युस्याई गरिरहेका छन। स्थानीय तहको दलित प्रतिनिधित्व हेर्दा संविधानको व्यवस्था, मर्म र भावनाअनुसार दलहरू अघि बढ्न नसकेको प्रष्ट हुन्छ।

**समाप्त**

**प्रकाशक**

**दलित महिला संघ (फेडो)**
कुपण्डोल, ललितपुर
फोन नं.: +९७७-०१-५५४३९८६
फ्याक्स: +९७७-०१-५५२०९८२
इमेल: dms.fedo@gmail.com
वेब: http://www.fedonepal.org
फेसबुक: fedonepal

**साझेदारी संस्था**

PLAN INTERNATIONAL

**आर्थिक सहयोग**

Funded by
the European Union